निर्णय नं. १, मेलम्ची नगरपालिकाको इन्द्रावती नदी तर्फ मेलम्ची न.पा. क्षेत्रको टाँडखोलादेखी माथी मे.न.पा.को सिमाना खाल्डेखोलासम्म र मेलम्ची नदी तर्फ तालामराङसम्मको IEE प्रतिवेदनले निर्धारण गरेकोक्षेत्र-मा ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, रोडा, संकलन, ढाटगद्दी एवं बिक्री (स्वीकृत खानीक्षेत्रबाहेक) आन्तरिक आय संकलनको लागी मिति २०७६।०१।१३ मा-नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रको सूचना बमोजिम का.म.न.पा.-१०, बानेश्वर काठमाण्डौं स्थित श्री तिनपिप्ले निर्माण सेवाले कुल कबोल अंक रु.२७६३,८८,८८८।०१ (अक्षरुपी सत्ताइस करोड त्रिसठ्ठी लाख अठासी हजार आठ सय अठासी रूपैया र पैसा एक) मु.अ.क. सहित र मु.अ.क. बाहेक रु.२४,७७,७७,७७७।- (अक्षरेपी चौबीस करोड सतहत्तर लाख सतहत्तर हजार सात सय सतहत्तर) कबोल गरी बोलपत्र पेश गरेकोमा मेलम्ची न.पा.को मुल्याङ्कन समितिको मिति २०७६।०३।२९ को निर्णयबाट उक्त बोलपत्रदाता श्री तिनपिप्ले निर्माण सेवाले सूचनाको शर्त बमोजिम रित पुरा गरी बोलपत्र पेश गरेको र सारभुत रूपमा प्रभावग्राही देखिएकोले मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ को दफा ६(२) मा भएको व्यवस्था बमोजिम स्वीकृत गर्न यस कार्यपालिकामा सिफारिस गरिएकोमा मुल्याङ्कन समितिबाट सिफारिस भए बमोजिम श्री तिनपिप्ले निर्माण सेवाले पेश गरेको बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो। साथै सोही कार्यविधी दफा ६(१) बमोजिम छनौट भएको बोलपत्रदातालाई पत्राचार गरी सम्झौता गर्ने निर्णय गरियो।

निर्णय नं. २, मेलम्ची नगरपालिकाको सहकारी ऐन, २०७५ मा देहाय-बमोजिम संशोधन गर्न स्वीकृतका लागी नगर सभामा पेश गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
मेलम्ची नगरपालिकाको सहकारी ऐन २०७५ संशोधन प्रस्तावको तिन महले विवरण

| क्र.सं. | दफा | हाल भईरहेको व्यवस्था | संशोधित व्यवस्था | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १. | ४ | महासंघ गठन गर्न सकिने | संघ गठन गर्न सकिने | राष्ट्रिय स्तरको नभई स्थानिय स्तरको संस्था हुने भएकोले महासंघको सट्टामा संघ हुनुपर्ने |
| २. | ४ को उपदफा(१) | नगरपालिका क्षेत्रका सहकारी हरुको प्रतिनिधित्व हुने गरी नगर सहकारी महासंघ गठन गर्न सकिनेछ। | नगरपालिका क्षेत्रका विषयगत सहकारीको प्रतिनिधित्व हुने गरी नगर सहकारी संघ गठन गर्न सकिनेछ। | राष्ट्रिय स्तरको नभई स्थानिय स्तरको संस्था हुने भएकोले महासंघको सट्टामा संघ हुनुपर्ने |
| ३. | ४ को उपदफा(२) | उपदफा(१)मा उल्लेख भएको नगर सहकारी महासंघ अर्न्तगत विषयगत सहकारीका संघहरु गठन गर्न सक्नेछ। | उपदफा(१)मा उल्लेख भएको नगर सहकारी संघ अर्न्तगत विषयगत सहकारीका संघहरु गठन गर्न सक्नेछ। | राष्ट्रिय स्तरको नभई स्थानिय स्तरको संस्था हुने भएकोले महासंघको सट्टामा संघ हुनुपर्ने |

Scanned by CamScanner

निर्णय नं ३, खानी तथा भुगर्भ विभाग लैनचौर, काठमाण्डौको च०नं० ८५३८, मिति २०७८।०८।२१ को पत्रबाट सिन्धुपाल्चोक जिल्ला मेलम्ची न०पा वडा नं. १ स्थित श्री आलकेश्वरी वालुवा प्रशोधन प्रा०लि० मार्फत साधारण निर्माणमुखी वालुवा उत्खनन् गर्न सहमतीको लागी सिफारिस माग भएको हुँदा उक्त प्रा०लि०लाई साधारण, निर्माणमुखी वालुवा उत्खनन्को लागी माग सहमती प्रदान गर्न सिफारिस गर्ने निर्णय गरियो ।

नि० नं. ४, खानी तथा भुगर्भ विभाग, लैनचौर, काठमाण्डौको च० नं० ८८१८ मिति २०७८।०९।०३ को पत्रबाट सिन्धुपाल्चोक जिल्ला मेलम्ची न०पा० वडा नं १३, कोटडाँडामा, शंखरापुर न०पा० वडा नं. १ काठमाण्डौ स्थित श्री लहरेदेवी ट्रेडिङ प्रा०लि० मार्फत साधारण निर्माणमुखी वालुवा उत्खनन् गर्न सहमतीको लागी सिफारिस माग भएको हुँदा उक्त प्रा० लि०लाई साधारण निर्माणमुखी वालुवा उत्खनन् गर्नको लागी माग सहमती प्रदान गर्न सिफारिस गर्ने निर्णय गरियो ।

नि० नं. ५, मेलम्ची नगरपालिकाका नगरप्रमुख श्री डम्बर बहादुर अर्याल र वडा नं १३ का वडा अध्यक्ष श्री देवेन्द्र घोराईनीबाट मिति २०७८ साल असार ११ गते देखी २०७८ असार २९ गते सम्म युरोपियन मुलुक इटाली लगायत देशहरुमा गर्नुभएको वैदेशिक भ्रमण र उक्त भ्रमणको क्रममा इटालीको -बोमैरेयो नगरपालिका र मेलम्ची नगरपालिका विच भएको द्विपक्षिय सम्झौ-ताको विषयमा यस बैठकमा जानकारी प्राप्त भयो । साथै उक्त सम्झौतामा भएका विषयहरूलाई कार्यान्वयनका लागी कानुन बमोजिम अगाडि बढाउने निर्णय गरियो ।
नि० नं. ६, मेलम्ची नगरपालिकाको शिक्षा ऐन २०७५ मा देहाय बमोजिम संशोधन गर्न स्वीकृतिको लागी आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

## नगर शिक्षा ऐन, २०७५ मा संशोधन प्रस्ताव

| सि.नं. | विद्यमान ऐनमा भएको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|
| १ | दफा १४ (क) थप गर्नुपर्ने | नगर क्षेत्रभित्र कोचिङ क्लास, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा शिक्षण प्रशिक्षण सम्बन्धी कक्षा सञ्चालन गर्दा नगरपालिकाबाट अनुमति लिएर मात्र संचालन गर्नुपर्ने छ। | नगर क्षेत्रभित्र कोचिङ क्लास, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा शिक्षण प्रशिक्षण कार्यक्रमको सञ्चालनलाई व्यवस्थित गर्न |
| **नगर शिक्षा समिति** | | | |
| २ | दफा २१.१. (च) विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगरप्रमुखले मनोनित गरेको प्रतिनिधि एकजना सदस्य | सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना सदस्य | नगरमा सामुदायिक विद्यालयहरु बढी संचालनमा रहेकोले सामुदायिक विद्यालयकै सहभागिता सुश्चित गर्नुपर्ने |
| ३ | दफा २१.१. च १ थप गर्नुपर्ने | समाजसेवी वा शिक्षाप्रेमीहरु मध्येबाट कम्तीमा एकजना महिला सहित नगर शिक्षा समितिले मनोनित गरेको दुई जना सदस्य | समाजसेवी तथा शिक्षाप्रेमीको सहभागिता गराउन आवश्यक देखिएको |
| ४ | दफा २१.१. च २ थप गर्नुपर्ने | नगरमा सञ्चालित सामुदायिक विद्यालयहरु मध्येबाट आधारभूत तथा माध्यमिक तहको प्र.अ. को प्रतिनिधित्व हुने गरी नगर शिक्षा समितिले मनोनित गरेको दुई जना सदस्य | विद्यालयका प्र.अ. हरुको प्रतिनिधिमुलक सहभागिता गराउन आवश्यक देखिएको |
| **सामुदायिक विद्यालयको व्यवस्थापन समिति** | | | |
| ५ | दफा ३२.१ (क) विद्यालयका अभिभावकहरुले छनौट गरेको अभिभावक एकजना अध्यक्ष | विद्यालयका अभिभावकहरुले छनौट गरेको एकजना अध्यक्ष | अभिभावक भन्दा बाहिरको व्यक्तिले पनि कुशल नेतृत्व बहन गर्नसक्ने |
| ६ | दफा ३२.१ (ख) विद्यालयका अभिभावकहरु मध्येबाट छनौट भएका महिला, दलित, जनजाति र अल्पसंख्यकहरुबाट तीन जना सदस्य | विद्यालयका अभिभावकहरु मध्येबाट छनौट भएका महिला, दलित, जनजाति र अल्पसंख्यकहरुबाट कम्तीमा दुई जना महिला सहित चार जना सदस्य | महिलाको सहभागिता सुनिश्चितताको लागि |
| ७ | दफा ३२.१ (ग) विद्यालयका शिक्षकहरु मध्येबाट शिक्षकहरुले प्रतिनिधिको रुपमा छनोट गरी पठाएको एक जना सदस्य | विद्यालयका शिक्षकहरु मध्येबाट उपलब्ध भएसम्म सोही विद्यालयको अभिभावक समेत रहेको शिक्षक प्रतिनिधि एक जना सदस्य | शिक्षक प्रतिनिधि अभिभावक समेत भएमा सोको प्रभाव सकारात्मक पर्नसक्ने |
| ८ | दफा ३२.१.ग (१) थप गर्ने | सम्बन्धित वडाको वडा समितिले तोकेको एक जना सदस्य | जनप्रतिनिधिको सहभागिता गराउन आवश्यक देखिएकोले |
| ९ | दफा ३२.१ (घ) माध्यमिक तहमा वडा शिक्षा समितिले तोकेको कम्तीमा एक महिला सहित दुई जना सदस्य | समाजसेवी तथा शिक्षाप्रेमी मध्येबाट वडा शिक्षा समितिले मनोनित गरी पठाएको एकजना महिला सहित दुई जना सदस्य | वि.व्य.स.मा समाजसेवी तथा शिक्षाप्रेमीहरुको मनोनित वडा शिक्षा समितिले गर्दा उपयुक्त हुने |

Scanned by CamScanner

| सि.नं. | विद्यमान ऐनमा भएको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|
| १० | दफा ३२.१. (ङ) वडा समितिले तोकेको समाजसेवी तथा शिक्षाप्रेमी मध्येबाट एक जना सदस्य | वडा समितिले तोकेको समाजसेवी, शिक्षाप्रेमी तथा चन्दादाता मध्येबाट एक जना सदस्य | चन्दादाताहरुको सहभागिता गराउन आवश्यक देखिएकोले |
| ११ | दफा ३२.२ उपदफा (१) बमोजिमको समितिमा विद्यालय स्तरीय बालक्लबले छनौट गरी पठाएको एक बालक र एकजना बालिका गरी दुई जना आमन्त्रित सदस्य हुनेछन् । | उपदफा (१) बमोजिमको समितिमा विद्यालय स्तरीय बालक्लबले छनौट गरी पठाएको एक जना बालक र एकजना बालिका गरी दुई जना आमन्त्रित सदस्य रहनेछन् । साथै प्राविधिक विषय अध्ययन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिले नगरपालिकास्तरका उद्योग तथा वाणिज्य महासंघका एकजना प्रतिनिधि सदस्य मनोनयन गर्नेछ । | प्राविधिक विषयमा अध्ययन गराउने माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा नगरपालिका स्तरका उद्योग तथा वाणिज्य महासंघका प्रतिनिधिको सहभागिता गराउन आवश्यक भएको । |
| १२ | दफा ३२.१५ (च) थप गर्ने | अध्यक्षको हकमा विद्यालय जुन तहसम्म संचालित छ सोही तहको शैक्षिक योग्यता हासिल भएको हुनु पर्ने छ । यदि सो योग्यता भएको व्यक्ति उपलब्ध हुन नसकेमा कम शैक्षिक योग्यता भएको व्यक्ति पनि अध्यक्षका लागि योग्य हुन सक्नेछ । साथै निर्वाचित जनप्रतिनिधि, शिक्षक , कर्मचारी एवम् अन्य संगठित संघसंस्थाको कार्यकारिणी समितिमा रहेका व्यक्तिहरु अध्यक्ष पदमा छनोट हुन पाउने छैनन् । | वि.व्य.स. को अध्यक्षको हकमा थप योग्यता तोक्न आवश्यक देखिएकोले |
| **प्रधानाध्यापक सम्बन्धी व्यवस्था** | | | |
| १३ | दफा ४२.२. क देखि घ सम्म ( प्रधानाध्यापक हुनका लागि आवश्यक योग्यता) | दफा ४२.२. प्रधानाध्यापक हुनका लागि आवश्यक योग्यता तोकिए बमोजिम हुनेछ । | विद्यालयमा प्रधानाध्यापकको नियुक्तिमा सहजता प्रदान गर्न । |

निर्णय नं. ७, मेलम्ची नगरपालिकाबाट आ.व. ०७५/०७६ मा संचालन भएका देहायका बमोजिमका योजनाहरुको म्याद तीन (३) महिना थप गर्ने निर्णय गरियो । (आ.व. ०७५/०७६ को आश्विन मसान्त सम्म)

तपसिल

१) मेलम्ची नगरपालिका सडक क
२) वन कार्यालय नगरपालिका जोड्ने सडक
३) भन्ज्याङ खाल्डे सडक
४) रिभर ट्रेनिङ वर्षे थार इन्द्रावती रिभर यार्ट मेलम्ची
५) मेलम्ची घुर्सेनीचौर सडक तथा कर्कले खोल्सी कल्भर्ट निर्माण

निर्णय नं. ८, मेलम्ची नगरपालिका वडा नं. ५ स्थित सिन्धुखोलामा लम्दाली खेत झोलुङ्गे पुल निर्माणाधिन अवस्थामा रहेकोमा उक्त पुलको बायाँ तर्फको भागमा पहिरो गई उक्त पहिरो नियन्त्रणका लागी मेलम्ची न.पा. बाट ३x१x१ को तारजाली १० (दश) थान, २x१x१ को तारजाली २५ (पच्चिस) थान उपलब्ध गराईएकोमा उक्त तारजाली भर्नका लागी प्राविधिक मूल्याङ्कनको आधारमा – रु २,७४,६०४/- (दुई लाख चौहत्तर हजार छ सय चार मात्र) विपद् व्यवस्थापन कोष शीर्षकबाट सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. ३, मेलम्ची नगरपालिका वडा नं ६ स्थित तुहारखोला घाट निर्माणको लागी लागत इष्टिमेट बमोजिम आवश्यक पर्ने रकम — रु ४,४३,००७।- (चार लाख त्रिचालिस हजार मात्र) मेलम्ची न०पा०को स्थानीय विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।

२०७८।३।२९